नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(........प्रशासन........शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०७९/८०/१/११
प्राप्त पत्र संख्या:- ...............
च.नं.:- २५३

मिति : २०७९/०५/२७

विषय :- रमाना गर्ने सम्बन्धमा ।

**श्री महाशाखा, सबै ।**
**श्री विशेष नापी कार्यालयहरु, सबै ।**
**श्री डिजिटल नापी कार्यालय, बनेपा ।**
**श्री नापी कार्यालयहरु, सबै ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.स. १.१/प्र/२०७९/०८०/१(१)/८, च.नं ३६१, मिति २०७९/०५/२२ को पत्रसाथ प्राप्त निर्वाचन आयोगको मिति २०७९/०५/०२ को पत्र थान २(दुई) यसै साथ संलग्न राखि पठाईएको छ । व्यहोरा उक्त पत्रबाट अवगत गर्नु भई निर्वाचन प्रयोजनका लागि आवश्यक कर्मचारी व्यवस्थापन सम्बन्धमा आयोगको निर्देशनको बुँदा नं. ४ मा निर्वाचनको काममा खटिने कर्मचारीहरु बाहेक मिति २०७९/०५/२० गते सम्ममा संघ, प्रदेश र स्थानीय तहमा स्वीकृत दरवन्दीको तह र पदनाम बमोजिम सरुवा/पदस्थापन भएका कर्मचारीहरुको उक्त निर्वाचन सम्पन्न नएसम्म अन्यत्र कामकाज गर्न काजमा पठाउने र सरुवा नगर्ने व्यवस्था गर्ने उल्लेख भई आएको हुँदा तहाँ कार्यरत कर्मचारीहरुले सरुवा भई सके पश्चात पनि रमाना नलिएको भएमा सरुवा भई सकेका कर्मचारीहरुलाई २४ घण्टा भित्र रमाना दिने व्यवस्था गर्नु हुन साथै फाजिल रहेका कर्मचारीहरुको समेत अविलम्ब व्यवस्था गर्नु हुन आदेशानुसार अनुरोध छ ।

**( राधा देवकोटा उपाध्याय )**
**उप सचिव**

**बोधार्थ :**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प्रेस विज्ञप्ति

मिति: २०७९ भदौ २ गते

## आसन्न निर्वाचन प्रयोजनका लागि आवश्यक कर्मचारी व्यवस्थापन सम्बन्धमा सरकारलाई आयोगको निर्देशन

संवत् २०७९ साल मंसिर ४ गते आइतबार एकै चरणमा सम्पन्न हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी रूपमा सम्पन्न गर्न, गराउन आयोगले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई देहाय बमोजिम निर्देशन दिएको छ ।

१ आसन्न निर्वाचनको सन्दर्भमा आयोगबाट भएका निर्णयलाई तीनै तहका सरकार र सो अन्तर्गतका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, बोर्ड, आयोग, कोष, प्रतिष्ठान, केन्द्र, प्राधिकरण तथा शैक्षिक संस्थाहरूले उच्च प्राथमिकता दिई तत्काल कार्यान्वयन गर्ने गराउने ।

२. निर्वाचन प्रयोजनका लागि संघीय निजामती सेवा वा प्रदेश निजामती सेवा वा स्थानीय तहको स्थायी कर्मचारी वा स्थायी शिक्षकलाई अनिवार्य रूपमा खटाउनु पर्ने भएकोले जिल्ला स्तर तथा स्थानीय तहमा संरचना भएका नेपाल सरकार, प्रदेश सरकार वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाको स्वीकृत संगठन संरचना तथा दरबन्दी अनुसारका कर्मचारी पद रिक्त नहुने गरी मिति २०७९ भदौ २० गतेभित्र अनिवार्य रूपमा पदस्थापन गरी खटाउने व्यवस्था मिलाउने ।

३. जनशक्ति व्यवस्थापनका लागि मिति २०७९ भदौ २० गते अगावै संघ, प्रदेश र स्थानीय तहमा काज/कामकाजका लागि खटिएका कर्मचारीहरूलाई अन्यत्र खटाइएको भए पदाधिकार रहेकै कार्यालयमा काज फिर्ता गर्ने वा त्यस्तो स्थानमा स्वीकृत दरवन्दीको पद र तह अनुसारको कर्मचारी सरुवा/पदस्थापन गरी अनिवार्य रूपमा पदपूर्ति गर्ने व्यवस्था गर्ने ।

४ निर्वाचनको काममा खटिने कर्मचारीहरू बाहेक मिति २०७९ भाद्र २० गते सम्ममा संघ, प्रदेश र स्थानीय तहमा स्वीकृत दरवन्दीको तह र पदनाम वमोजिम सरुवा/पदस्थापन भएका कर्मचारीहरूको उक्त निर्वाचन सम्पन्न नभएसम्म अन्यत्र कामकाज गर्न काजमा पठाउने र सरुवा नगर्ने व्यवस्था गर्ने ।

५ आसन्न निर्वाचन प्रयोजनको लागि केन्द्र, प्रदेश तथा जिल्ला स्तरमा कार्यरत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा सरकारको अनुदानमा सञ्चालित संघ, संस्था, निकाय वा कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरू आवश्यकता अनुसार निर्वाचनमा परिचालन गर्नुपर्ने हुँदा तोकिएको ढाँचामा कर्मचारीहरूको यथार्थ विवरण अद्यावधिक गरी राख्ने र सम्बन्धित प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयबाट माग गरेको वखत तुरुन्त उपलब्ध गराउने व्यवस्था गर्ने ।

२०७८।०५।०२

(शालिग्राम शर्मा पौडेल)
सह सचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np